## तुलसीपुर उपमहानगरपालिकाको

# लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवस्था परीक्षण





**तुलसीपुर उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**तुलसीपुर, दाङ (लुम्बिनी प्रदेश)**

tulsipursubmun2073@gmail.com ☎ 082-520233

टोल फ्री नम्बर : 16608218001

# तुलसीपुर उपमहानगरपालिकाको
# लैंङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवस्था परीक्षण
# [आ.व २०८१।०८२]





तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
✉ tulsipursubmun2073@gmail.com ☎ 082520233
टोल फ्री नम्बर : १६६०८२१८००१


**बैशाख, २०८३**

## सङ्क्षिप्त शब्दावली

### नेपाली शब्दहरू

आ.व. : आर्थिक वर्ष

उमनपा. : उपमहानगरपालिका

लैसअसास : लैङ्गिक समानता,  अपाङ्गता  तथा सामाजिक समावेशीकरण

म.बा.सा.वि शाखा : महिला, बालबालिका तथा सामाजिक विकास शाखा

सकअचु : सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति

### अंग्रेजी शब्दहरू

| | | |
|---|---|---|
| LGBTQI | : | Lesbian, Gay, Bisexual, Transgender, Queer and Intersex |
| SDGs | : | Sustainable Development Goals |
| GEDSI | : | Gender Equality,Disability and Social Inclusion |
| FGD | : | Focused Group Discusion |
| KII | : | Key Informant Interview |
| FC | : | Focal Person |
| SWOT | : | Strength, Weakness, Opportunity and Threat |
| CEDAW | : | Convention on Elimination of all forms of Discrimination against Women, 1979 |

# लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्बन्धी केही परिभाषित शब्दावलीहरू

- **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ।
- **"योजना"** भन्नाले समग्र विकास निर्माण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, विषयगत गुरुयोजना, रणनीतिक योजना, आदि सम्झनु पर्छ।
- **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित एवं विपन्न तथा सामाजिकरुपमा पछाडि परेका समूहहरुलाई राज्यका सबै तहको संरचनामा प्रतिनिधित्व तथा विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ।साथै यस शब्दले बन्चितिकरणमा परेकाहरुको पहिचान, प्रतिनिधित्व, सहभागिता, पहुँच बृध्दि, शशक्तिकरण र आवश्यकता परिपूर्ति गर्ने लगायतका कार्यलाई जनाउँदछ।
- **"सामाजिक समावेशीकरण सम्पर्क ब्यक्ति"** भन्नाले कुनै कार्यालय वा सरकारका विभिन्न तहहरुमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।
- **"सामाजिक समावेशी बजेट"** भन्नाले महिल, विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ। सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ।
- **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ।
- **"गैरसरकारी संस्था**" भन्नाले प्रचलित कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसंग समन्वय गरी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ।
- **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एबं अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्दछ।
- **"बञ्चित समू**ह" भन्नाले परम्परागत रुपमा लामो समय देखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरीक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ।

- **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ।
- **"सीमान्तीकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिकरूपले पछाडि परेका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।
- **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ।
- **"लैङ्गिक समानता"** भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ।
- **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ।
- **"लक्षित समूह"** भन्नाले आर्थिकरूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिकरूपमा पिछडिएका वर्गहरू सबै जातजातिका विपन्न वर्गहरू), ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय) सम्झनु पर्छ।
- **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेश्रोलिंगी, यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ।
- **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण"** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैंगिक समानता तथा समावेशी विकास गर्न तय गरिएको नीति, बजेट र कार्यक्रममार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ।
- **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनावद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र, प्रक्रिया तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।
- **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण

सहित योजनावद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ।

- **"सामाजिक वञ्चितीकरणमा परेका समूहहरू"** भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिकरूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउंदछ।
- **"लैङ्गिक प्रभाव विष्लेषण"** भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्वित भएका छन् भन्नेअवस्थाको लेखाजोखा गर्ने कार्यलाई सम्झनु पर्दछ।
- **"सशक्तिकरण"** भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडि परेका, अशक्त वा कमजोर वर्गलाई सूचना ,पहुँच ,  जका हिसाबले सशक्त रर आवा,क्षमतासवल बनाउने कार्यलाई सम्झनु पर्दछ।

# कार्यकारी सारांश (Executive Summary)

तुलसीपुर उपमहानगरपालिकाद्धारा आर्थिक वर्ष २०८१।०८२ मा गरिएको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) परीक्षणले उपमहानगरपालिकाको नीति, योजना, संस्थागत व्यवस्था, सेवा प्रवाह तथा सुशासनको अवस्थालाई समावेशी दृष्टिकोणबाट मूल्याङ्कन गरिएको छ । यो परीक्षण स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ लाई मुख्य नीतिगत निर्देशिकाका रुपमा लिदै परीक्षण सञ्चालन गरिएको हो । परीक्षणमा नीति तथा कानून, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व गरी ५ वटा मुख्य विषयगत क्षेत्र, २२ वटा उपक्षेत्र तथा १०० वटा सूचकहरू तथा अपाङ्गताका सूचकहरु समेत समावेश गरिएको थियो । तुलसीपुर उपमहानगरपालिकाले कुल १०० मध्ये ८१.५ अङ्क प्राप्त गरि "उत्कृष्ट" श्रेणी हासिल गरेको छ । विषयगत क्षेत्र अनुसार हेर्दा नीति, कानून तथा योजनामा १८.५, संस्थागत व्यवस्थामा १६.५, मानव संसाधन तथा क्षमता विकासमा १५.५ , सेवा प्रवाहमा १४ तथा सुशासन तथा उत्तरदायित्व क्षेत्रमा १७ अंक प्राप्त भएको छ । यसले उपमहानगरपालिकाले लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा उल्लेखनीय प्रगति गरेको देखिएको छ ।

अध्ययनले उपमहानगरपालिकामा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायमा लक्षित कार्यक्रमहरू सञ्चालन भइरहेको, सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रहेको, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण जस्ता उत्तरदायी अभ्यासहरू संस्थागत हुँदै गएको तथा नीति तथा कार्यक्रमहरूमा GEDSI दृष्टिकोण समावेश भएको देखिएको छ । हिंसा प्रभावित महिला तथा बालबालिकाहरूका लागि उपमेयर अल्पकालीन महिला सुरक्षा कार्यक्रम, मातृ स्वास्थ्य प्रोत्साहन कार्यक्रम, गरिब विपन्न तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सीपमुलक कार्यक्रम तथा सामग्री सहयोग, दलित सशक्तीकरण, महिला सशक्तीकरण लगायतका कार्यक्रम प्रभावकारी अभ्यासका रूपमा देखिएका छन् । नगरलाई सहयोगापेक्षी मानवमुक्त सडक तथा नगरका केही वडाहरुलाई बालश्रमुक्त घोषणा गरिएको छ भने छुवाछुतमुक्त नगर तथा बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने कार्यक्रम आगामी कार्यक्रमका रुपमा रहेका छन । तुलसीपुर उपमहानगरपालिकाको न्यायिक सम्पादन प्रक्रिया छिटो छरितो र प्रभावकारी रहेको छ ।

त्यसैगरी, अध्ययनले केही सुधार गर्नुपर्ने पक्षहरू पनि औंल्याएको छ । विशेषगरी अपाङ्गमैत्री पूर्वाधार विकास, तथ्यमा आधारित योजना प्रणाली, लक्षित वर्गको अर्थपूर्ण सहभागिता, डिजिटल तथ्याङ्क व्यवस्थापन, कानुनी साक्षरता तथा अनुगमन प्रणालीलाई थप सुदृढ बनाउन आवश्यक देखिएको छ । प्रजनन स्वास्थ्य, खानेपानी तथा सरसफाइ र समावेशी सेवा प्रवाहका क्षेत्रमा थप सुधार आवश्यक रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

समग्रमा, यो परीक्षणले तुलसीपुर उपमहानगरपालिकालाई समावेशी, उत्तरदायी तथा नागरिकमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ । साथै भविष्यमा GEDSI मैत्री नीति, योजना, बजेट तथा कार्यक्रम निर्माण र कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन प्रदान गरेको छ ।

## मुख्य निष्कर्षहरू (Key Findings)

- तुलसीपुर उपमहानगरपालिकाले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) परीक्षणमा कुल १०० मध्ये ८१.५ अंक प्राप्त गरी "उत्कृष्ट" श्रेणी हासिल गरेको छ ।
- नीति, कानून तथा योजनामा GEDSI दृष्टिकोणलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।

- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायमा लक्षित कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन भइरहेका छन् ।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक सहभागितामूलक अभ्यासहरू संस्थागत हुँदै गएका छन् ।
- हिंसा प्रभावित महिला तथा बालबालिकाहरूका लागि उपमेयर अल्पकालीन महिला सुरक्षा कार्यक्रम, मातृ स्वास्थ्य प्रोत्साहन कार्यक्रम, गरिब विपन्न तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सीपमुलक कार्यक्रम तथा सामग्री सहयोग, दलित सशक्तीकरण, महिला सशक्तीकरण,सामाजिक सुरक्षा लगायतका कार्यक्रम प्रभावकारी अभ्यासका रूपमा देखिएका छन् ।
- तुलसीपुर उपमहानगरपालिकाको न्यायिक सम्पादन प्रक्रिया छिटो छरितो र प्रभावकारी रहेको छ ।
- नगरलाई सहयोगापेक्षी मानवमुक्त शहर तथा बालश्रममुक्त पालिका (केही वडा) घोषणा गरिएको छ भने छुवाछुतमुक्त नगर तथा बालमैत्री स्थानीय शासनयुक्त पालिका बनाउने भावी योजना रहेको छ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरूमा GEDSI सम्बन्धी सचेतना तथा उत्तरदायित्व अभिवृद्धि भएको पाइयो ।
- विपद् व्यवस्थापन तथा स्वरोजगारआयआर्जन कार्यक्रमहरू समावेशी दृष्टिकोणबाट सञ्चालन भएका / छन् ।
- सूचना तथा सञ्चार प्रणाली तुलनात्मक रूपमा प्रभावकारी रहेको देखिएको छ ।
- महिला तथा लक्षित वर्गमैत्री बजेट तथा कार्यक्रम सञ्चालनप्रति उपमहानगरपालिकाको प्रतिबद्धता सुदृढ रहेको पाइयो ।
- अपाङ्गमैत्री तथा पहुँचयुक्त पूर्वाधार विकास अझै पर्याप्त हुन सकेको छैन ।
- तथ्यमा आधारित योजना प्रणाली तथा डिजिटल तथ्याङ्क व्यवस्थापन अझ सुदृढ गर्न आवश्यक देखिएको छ ।
- नीति निर्माण तथा निर्णय प्रक्रियामा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता अझै सीमित रहेको पाइयो ।
- कानुनी साक्षरता, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउन आवश्यक देखिएको छ ।
- सेवा प्रवाहलाई थप नागरिकमैत्री, समावेशी तथा पहुँचयुक्त बनाउन सुधारको आवश्यकता रहेको देखियो ।
- GEDSI सम्बन्धी कार्ययोजना तयार गरी कम अंक प्राप्त सूचकहरूमा लक्षित सुधार आवश्यक रहेको छ

# विषय सूची


**परिच्छेद एक : परिचय खण्ड** १

१. पृष्ठभूमी १
२. उपमहानगरपालिकाको सङ्क्षिप्त परिचय २
२.१ नामाकरण र ऐतिहासिक पृष्ठभूमि ३
२.२ जनसङ्ख्या विवरण ३
२३. वडागत जनसङ्ख्या विवरण ३
२ ४. नगर कार्यपालिका सदस्यहरुको विवरण ४
२.५. धार्मिक, ऐतिहासिक, पुरातात्विक, पर्यटकीय स्थल र पूर्वाधारको सङ्क्षिप्त विवरण ५
३. अध्ययनको महत्व ७
४ . लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरू ७
५ . लैस.सा.अ.स. परीक्षणले समेटने मुख्य विषयक्षेत्र र उपविषय क्षेत्रहरू ७
५.१ मुख्य विषयगत क्षेत्रहरु
५२. लैसअसास परीक्षणका मुख्य विषयगत उपक्षेत्रहरू
५.३ स्थानीय तहको समग्र मूल्याङ्कन अवस्था तथा परिणाम ९
६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विधि ९
७ . लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणका सहभागीहरू १०

**परिच्छेद दुई : तथ्याङ्क प्रस्तुतीकरण खण्ड** ११

८ . लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचक र उपसूचक अन्तर्गत प्राप्ताङ्क ११
९. लैपरीक्षण विश्लेषणका औजारहरू .स.सा.अ.स. १२
१०. लैपरीक्षण तथ्याङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण .स.सा.स. १२
१०.१ नीति कानून र योजना १२
१०.२. संस्थागत व्यवस्था १३
१०.३मानव संसाधन तथा क्षमता विकास ३. १३
१०.४ . सेवा प्रवाह १३
१०.५ सुशासन तथा उत्तरदायित्व १३

**परिच्छेद तीन : मुख्य उपलब्धिहरु** १४

११ . लैपरीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था .स.सा.अ.स. १४
११.१ लैपरीक्षण सूचकहरूमा प्राप्त नतिजा माकुरो जालोमा प्रक्षेपण .स.सा.स. १५
११.२ लै स परीक्षण.सा.स.सूचकहरूमा प्राप्त नतिजा स्तम्भ चित्रमा १५
११.३ लै.स.सा.स परीक्षण उपसूचकहरूमा प्राप्त नतिजा माकुरी जालोमा प्रक्षेपण १६
११.४ लै.स.सा.स परीक्षण उपसूचकहरूमा प्राप्त नतिजा स्तम्भ चित्रमा १७
१२ . लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना (Work Plan) २७

**निष्कर्ष र सुझावहरू** ३३


**अनुसूचीहरू**


अनुसूची १ - लै.स.सा.स परीक्षणको लेखाजोखा फाराम ३५
अनुसूची २ – माइन्युट ७५
अनुसूची ३ – कार्यक्रमका केही तस्वीरहरु ७७


**तालिकाहरू**

तालिका नं. १ : उपमहानगरपालिकामा रहेका प्रमुख १० अटा जातजाति तथा ५ ओटा मातृभाषा र धर्म ३
तालिका नं. २ : वडागत जनसङ्ख्या विवरण ३
तालिका नं ३ : नगर कार्यपालिका सदस्यहरुको विवरण ४

# परिच्छेद एक

## परिचय खण्ड

### १. पृष्ठभूमी

नेपालमा संविधानको कार्यान्वयनसँगै एकात्मक राज्य प्रणालीको परम्परागत स्वरुपबाट परिवर्तन भइ राज्य सङ्घीयता सहितको शासन व्यवस्थामा प्रवेश गरेको थियो । लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका र आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विपन्नलगायत महिला, दलित, जनजाती, मधेशी, मुस्लिम आदि लक्षित वर्गका सवालहरुलाई मूलप्रवाहीकरण गर्ने सन्दर्भमा महत्वपूर्ण व्यवस्थाहरु गरेको छ । नेपालको संविधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कानूनको समान संरक्षणबाट कोही पनि बञ्चित हुन नहुने प्रतिवद्धता सहित वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक बिभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सहितको समावेशी र समतामूलक समाजको परिकल्पना गरेको छ । नेपाल सरकारले लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरणको विषयलाई कानूनी रुपमा स्वीकार गरी आवश्यक कानूनी, नीतिगत तथा संरचनागत व्यवस्थाहरु गरेको छ भने राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरू पनि व्यक्त गरेको छ । राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग, मुस्लिम आयोग आदिको व्यवस्था गरी समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने कार्यको मार्ग प्रशस्त गरिएको छ । संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतालाई स्वीकार गर्दै, सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने तथा समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तमा आधारित समतामूलक समाज निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षणका लागि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४ लागू गरिएको छ। साथै निजामती सेवा ऐन (तेस्रो संशोधन), २०७१ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि समावेशीकरण र सकारात्मक विभेदलाई प्राथमिकता दिएका छन्। यी सबै संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्थाहरूले नेपालमा लैङ्गिक समानता, अपाङ्गता अधिकार तथा सामाजिक समावेशीकरण प्रवर्द्धनका लागि बलियो आधार तयार गरेका छन्, जसले सबै नागरिकलाई समान अवसर, सम्मान तथा कानुनी संरक्षण सुनिश्चित गर्ने लक्ष्य राखेका छन्।

दिगो विकास लक्ष्य (SDGs) अन्तर्गत लक्ष्य नं. ५ "लैङ्गिक समानता हासिल गर्ने" तथा लक्ष्य नं. १६ "शान्तिपूर्ण, न्यायपूर्ण र समावेशी समाज निर्माण गर्ने" विषयहरू मुख्य रूपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स.) सँग सम्बन्धित रहेका छन्। यद्यपि, दिगो विकासका सबै लक्ष्यहरूमा लै.स.सा.स.का अवधारणालाई अन्तरसम्बन्धित रूपमा समेटिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको काम, कर्तव्य तथा अधिकार अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विभिन्न व्यवस्थाहरू गरेको छ। ऐनको दफा ११ को उपदफा (२)(त) ले ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असक्त व्यक्तिहरूको संरक्षण, व्यवस्थापन तथा उत्थानका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। त्यसैगरी, दफा २४ को उपदफा (२) मा स्थानीय तहले विकास योजना निर्माण गर्दा संघीय तथा प्रदेश सरकारका नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, बालमैत्री, वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन तथा लैङ्गिक तथा सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयहरूलाई प्राथमिकताका साथ समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

सोही दफाको उपदफा (३) मा नगरपालिका तथा गाउँपालिकाले योजना तथा कार्यक्रम तर्जुमा गर्दा महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने प्रकृतिका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने स्पष्ट उल्लेख गरिएको छ।

त्यसैगरी, वडा समितिको काम, कर्तव्य तथा अधिकार अन्तर्गत तथ्याङ्क अद्यावधिक तथा संरक्षण कार्यमा खण्डीकृत तथ्याङ्क संकलन गर्ने तथा सामाजिक विकास सम्बन्धी कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा लगायतका सामाजिक विकृतिहरूको अन्त्यका लागि कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा महिला तथा पिछडिएका वर्गहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै उनीहरूलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरू छनोट तथा कार्यान्वयनमा जोड दिई लै.स.सा.स. प्रवर्द्धन गर्ने व्यवस्था ऐनले गरेको छ।

ऐन तथा स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ अनुसार स्थानीय सरकारहरूले प्रत्येक आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र लै.स.सा.स. परीक्षण सम्पन्न गर्नुपर्ने व्यवस्था रहेको छ। परीक्षण कार्य प्रारम्भ गर्नु पूर्व स्थानीय तहले लै.स.सा.स. कार्यान्वयन समिति तथा परीक्षण कार्यलाई सहजीकरण, समन्वय तथा सहयोग गर्न कार्यदल गठन गर्नुपर्ने व्यवस्था गरिएको छ।

लै.स.सा.स. परीक्षणका लागि नीति तथा कानून, योजना तथा कार्यक्रम, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह, सुशासन तथा उत्तरदायित्व लगायतका प्रमुख शीर्षकहरू अन्तर्गत विभिन्न उपशीर्षकहरू समावेश गरिएका छन्। प्रत्येक उपशीर्षक अन्तर्गत रहेका सूचक तथा प्रश्नहरूको आधारमा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूसँग छलफल गरी मूल्याङ्कन गरिन्छ। मूल्याङ्कनका क्रममा राम्रो अवस्थालाई १ अंक, मध्यम अवस्थालाई ०.५ अंक तथा सुधार गर्नुपर्ने वा व्यवस्था नभएको अवस्थालाई ० अंक प्रदान गरिन्छ। प्राप्त नतिजालाई माकुरीजालो (Spider Web) तथा स्तम्भ चित्र (Bar Chart) को माध्यमबाट विश्लेषण तथा प्रस्तुतीकरण गरिन्छ।

लै.स.सा.स. परीक्षणको सैद्धान्तिक तथा व्यवहारिक पक्षको प्रभावकारी कार्यान्वयनले स्थानीय सरकारलाई आफ्नो क्षेत्रभित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न, कमजोरी पहिचान गर्न तथा भावी रणनीति, योजना तथा कार्यक्रम निर्माण गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ। यही सन्दर्भमा स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ बमोजिम तुलसीपुर उपमहानगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवस्था विश्लेषण गरिएको छ ।

## २. उपमहानगरपालिकाको सङ्क्षिप्त परिचय

लुम्बिनी प्रदेश अन्तर्गत दाङ जिल्लामा अवस्थित तुलसीपुर उपमहानगरपालिका जिल्लाका १० वटा स्थानीय तहहरूमध्ये एक महत्वपूर्ण स्थानीय तह हो। कुल ३८४.८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस उपमहानगरपालिकाको करिब ७० प्रतिशत भूभाग समथर रहेको छ भने बाँकी भूभाग पहाडी प्रकृतिको रहेको छ। खेतीयोग्य जमिन, खोलानाला, वनजङ्गल, चरण क्षेत्र, बजार, घना तथा छरिएका बस्तीहरूको विविधताले यस क्षेत्रलाई विशेष बनाएको छ।

क्षेत्रफलका हिसाबले तुलसीपुर उपमहानगरपालिका नेपालको दोस्रो ठूलो उपमहानगरपालिका हो। जिल्लाको मध्यभागमा अवस्थित यो उपमहानगरपालिका साविकका तुलसीपुर नगरपालिका, हलवार, टरिगाउँ, पवननगर, मानपुर, विजौरी, डरुवा तथा फुलवारी लगायतका गाविसहरू समेटेर गठन गरिएको हो। हाल यस उपमहानगरपालिकामा १९ वटा वडाहरू रहेका छन्।

प्रशस्त खेतीयोग्य जमिन, व्यवस्थित मानव बस्ती, विभिन्न बजार केन्द्र, खोला–नाला तथा वनजङ्गलले ढाकिएको यो क्षेत्र प्राकृतिक तथा सांस्कृतिक दृष्टिले समृद्ध मानिन्छ। यहाँ पार्क, खेलमैदान, चरण क्षेत्र तथा विभिन्न पर्यटकीय स्थलहरू रहेका छन्। साथै, विविध कला–संस्कृति, धर्मसंस्कार, जातजातिका रहनसहन, रीतिरिवाज, लोकनृत्य, भेषभूषा तथा कलात्मक मठ, मन्दिर, मस्जिद, गुम्बा र चर्चहरूले यहाँको सांस्कृतिक पहिचानलाई अझ समृद्ध बनाएका छन्।

यस उपमहानगरपालिकाको पूर्वमा घोराही उपमहानगरपालिका, पश्चिममा शान्तिनगर गाउँपालिका र दंगीशरण गाउँपालिका, दक्षिणमा लमही नगरपालिका तथा उत्तरमा कपुरकोट गाउँपालिका र त्रिवेणी गाउँपालिका रहेका छन्। नेपालको सङ्घीय राजधानी काठमाडौं बाट करिब ४२५ किलोमिटर पश्चिम दिशामा अवस्थित यस क्षेत्र भौगोलिक दृष्टिले समेत महत्वपूर्ण मानिन्छ।

तुलसीपुर उपमहानगरपालिकामा खस (ब्राह्मण, क्षेत्री, ठकुरी, दशनामी) समुदायसँगै थारु, मगर, नेवार, गुरुङ, कुमाल, गन्धर्व, वादी, मुस्लिम तथा क्रिश्चियन लगायत विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिका मानिसहरूको सहअस्तित्व रहेको छ। यसले यहाँको सामाजिक तथा सांस्कृतिक विविधता तथा सामुदायिक सद्भावलाई स्पष्ट रूपमा प्रतिबिम्बित गर्दछ।

## २.१ नामाकरण र ऐतिहासिक पृष्ठभूमि

उपमहानगरपालिकाद्वारा प्रकाशित बिभिन्न दस्तावेजहरूमा नगरको नामाकरणका सन्दर्भमा उल्लेख भए अनुसार थारु भाषामा बस्तीलाई पूर्वा भनिन्छ । यही तुलसी पूर्वालाई पर्वतेहरुले तुलसीपुर भन्ने गर्दथे भने थारुहरुले तुलसीपूर्वा भन्दथे । यस ठाँउमा थारुहरुको बोलवाला हुँदासम्म तुलसीपूर्वा भनिन्थ्यो भने पर्वतेहरूको बोलवाला हुन थालेपछी यस ठाँउको नाम तुलसीपुर रहन गयो भन्ने भनाई रहेको छ । यस ठाउँमा थारुहरुको बसोवास पुरानो मानिन्छ ।

## २.२ जनसङ्ख्या विवरण

वि.सं. २०७८ को राष्ट्रिय जनगणनाअनुसार तुलसीपुर उपमहानगरपालिका मा जम्मा ४६,०१८ परिवार तथा कुल जनसङ्ख्या १,७९,७५५ रहेको छ । कुल जनसङ्ख्यामध्ये पुरुष ८४,७६४ (४७.२ प्रतिशत) र महिला ९४,९९१ (५२.८ प्रतिशत) रहेका छन् । यहाँको औसत परिवार आकार ३.९१ जना रहेको छ, अर्थात् १०० परिवारमा औसत ३९१ जना सदस्य बसोबास गर्ने गरेका छन् । यस उपमहानगरपालिकाको लैङ्गिक अनुपात ८९२ रहेको छ, जसअनुसार प्रति १,००० महिलामा ८९२ पुरुष रहेका छन् ।

नगर क्षेत्रमा बसोबास गर्ने प्रमुख जातजाति तथा धर्मअनुसारको जनसङ्ख्या विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १ : उप-महानगरपालिकामा रहेका प्रमुख १० ओटा जातजाति तथा ५ ओटा मातृभाषा र धर्म

| क.सं. | प्रमुख १० जाति | % | क.सं. | जातजाति | % | क.सं. | प्रमुख भाषा | % | क.सं. | प्रमुख धर्म | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | ३५.३ | ६ | परियार/दमाई | ३.७ | १ | नेपाली | ७६.० | १ | हिन्दु | ९६.८ |
| २ | थारु | २१.३ | ७ | सन्यासी/दशनामी | २.३ | २ | थारु | २०.६ | २ | क्रिस्चियन | १.१ |
| ३ | ब्राह्मण पहाड | १२.२ | ८ | ठकुरी | १.९ | ३ | मगर ढुट | १.१ | ३ | बौद्ध | ०.८ |
| ४ | मगर | ९.० | ९ | मिजार/सार्की | १.७ | ४ | हिन्दी | ०.६ | ४ | प्रकृति | ०.७ |
| ५ | विश्वकर्मा/कामी | ७.५ | १० | ब्राह्मण तराई | ०.९ | ५ | मगर खाम | ०.४ | ५ | इस्लाम | ०.६ |

स्रोत: राष्ट्रिय जनगणना २०७८

## २.३ वडागत जनसङ्ख्या विवरण

तालिका नं २ : वडागत जनसङ्ख्या विवरण

| वडा नं | घरधुरी सङ्ख्या | महिला जनसङ्ख्या | पुरूष जनसङ्ख्या | जम्मा जनसङ्ख्या |
|---|---|---|---|---|
| १ | १२३२ | २५२६ | २१३४ | ४६६० |
| २ | ११८२ | २५२२ | २३५५ | ४८७७ |
| ३ | २००३ | ४१९६ | ३८२९ | ८०२५ |
| ४ | २३३८ | ४९२० | ४३४० | ९२६० |
| ५ | ३६०८ | ७१०७ | ६५४० | १३६४७ |
| ६ | ६०७३ | ११४०१ | १०२५५ | २१६५६ |
| ७ | ३५२६ | ७४०६ | ६४६२ | १३८६८ |
| ८ | २२०८ | ४५७६ | ४२१९ | ८७९५ |

| | | | | |
|---|---|---|---|---|
| ९ | ३७७३ | ७११३ | ६३५१ | १३४६४ |
| १० | १६०० | ३४७७ | ३११० | ६५८७ |
| ११ | २१५० | ४७१३ | ४१९६ | ८९०९ |
| १२ | २६७३ | ५७०९ | ५१८८ | १०८९७ |
| १३ | १४८० | ३१७५ | २७३३ | ५९०८ |
| १४ | १६२७ | ३४३३ | २९८२ | ६४१५ |
| १५ | १९२८ | ४२४१ | ३६०९ | ७८५० |
| १६ | १९०७ | ४१५९ | ३७७० | ७९२९ |
| १७ | २२९२ | ४९२५ | ४३८७ | ९३१२ |
| १८ | २३८४ | ४९६९ | ४४९३ | ९४६२ |
| १९ | २०३४ | ४४२३ | ३८११ | ८२३४ |
| **जम्मा** | **४६०१८** | **९४९९१** | **८४७६४** | **१७९७५५** |

स्रोत राष्ट्रिय जनगणना, २०७८

## २.४ नगर कार्यपालिका सदस्यहरुको विवरण

**तालिका नं ३ : नगर कार्यपालिका सदस्यहरुको विवरण**

| सि.नं | नाम,थर | सम्पर्क नं |
|---|---|---|
| १ | टिकाराम खडका | ९८५७८२२१४० |
| २ | स्यानी चौधरी | ९८६८९७१६८१ |
| ३ | हुमकान्त सापकोटा | ९८४७८३१०५३ |
| ४ | भिम बहादुर योगी | ९८४७८७३२१३ |
| ५ | बिर बहादुर बि.क. | ९८४७८७२९८१ |
| ६ | तुल्सी थापा मगर | ९८४७९७६७३३ |
| ७ | बिरेन्द्र कुमार शाह | ९८५७८२३२१६ |
| ८ | दुजमान भण्डारी | ९८५१२४४३०५ |
| ९ | राम बहादुर जि.सी. | ९८४७८२१८६३ |
| १० | धर्मराज वली | ९८४७८३३३९६ |
| ११ | घनश्याम ढकाल | ९८४७८२२२७९ |
| १२ | यमराज के.सी. | ९८५७८३१३२७ |
| १३ | मान बहादुर रावत | ९८४७८२४९०३ |
| १४ | खुशिराम चौधरी | ९८५७८२०६३७ |
| १५ | मोहनलाल पौडेल | ९८५७८२३४७९ |
| १६ | शंकर कुमार खडका | ९८५७८२०७७२ |
| १७ | लक्ष्मण चौधरी | ९८४१७३९१६३ |

| | | |
|---|---|---|
| १८ | शिवान्नद डि.सी. | ९८४७८५४६७० |
| १९ | थलराज पुरी | ९८५७८२१५८५ |
| २० | माधव वली | ९८४७८३१९१९ |
| २१ | प्रेमनाथ योगी | ९८५७८२०४१२ |
| २२ | गौरी नेपाली | ९८०९५३५४८१ |
| २३ | यमुना परियार | ९८४७९३९४२६ |
| २४ | बसन्ता के.सी. | ९८४४९०१२३८ |
| २५ | सिता कुमारी लामिछाने | ९८४७८९७४८१ |
| २६ | रिखा शर्मा | ९८४३१९७१३९ |
| २७ | लक्ष्मण विश्वकर्मा | ९८५७८२२७८७ |
| २८ | मोहन बि.क. | ९८४७९८१९३५ |
| २९ | तुलाराम नेपाली | ९८५७८३५२३८ |

### २.५. धार्मिक, ऐतिहासिक, पुरातात्विक, पर्यटकीय स्थल र पूर्वाधारको सङ्क्षिप्त विवरण

तुलसीपुर उपमहानगरपालिका धार्मिक, ऐतिहासिक, पुरातात्विक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण क्षेत्रका रूपमा परिचित रहेको छ । यहाँ रहेका त्रिसिद्धेश्वरी (कालिका) मन्दिर, हात्तीढुंगा लगायतका धार्मिक स्थलहरूले स्थानीय आस्था, संस्कृति तथा सभ्यतालाई जीवन्त बनाएका छन् भने चमेरी गुफा तथा दाङ उपत्यकाजस्ता क्षेत्रहरूले ऐतिहासिक तथा पुरातात्विक महत्वलाई उजागर गरेका छन् । प्राकृतिक सौन्दर्य, वनजंगल, खोला–नाला तथा समथर भू–भागले यस क्षेत्रलाई पर्यटन विकासका लागि अत्यन्त सम्भावनायुक्त बनाएको छ । साथै बेलझुण्डी रंगशाला, टरिगाउँ विमानस्थल, सडक सञ्जाल, शैक्षिक तथा स्वास्थ्य संस्था तथा बजार केन्द्रहरूको विस्तारले यस क्षेत्रको आर्थिक तथा पर्यटन पूर्वाधारलाई थप सुदृढ बनाउँदै लगेको छ ।

उपमहानगरपालिकाभित्र रहेका तालतलैयाहरू पनि पर्यटकीय तथा कृषि उपयोगिताका हिसाबले महत्वपूर्ण मानिन्छन् । वडा नं. १० मा रहेको गौरीगाउँ ताल उपमहानगरपालिकाकै सबैभन्दा ठूलो प्राकृतिक ताल हो । करिब ७ विगाहा क्षेत्रफलमा फैलिएको यस तालमा पानी प्राकृतिक रूपमा उत्पन्न हुने तथा आसपासको क्षेत्रबाट बर्सातको पानी संकलन हुने गर्दछ । हाल यस तालमा संरक्षित रूपमा माछापालन गरिनुका साथै यसको पानी सिंचाइ प्रयोजनका लागि समेत उपयोग हुँदै आएको छ । हिउँदको समयमा भने तालमा पानीको मात्रा कम हुने गरेको पाइन्छ ।

त्यसैगरी, गौरीगाउँ ताल नजिकै अवस्थित पढा ताल पनि वडा नं. १० अन्तर्गत पर्दछ । तालको बीच भागमा महादेवको मन्दिर रहेको छ, जहाँ स्थानीय बासिन्दाहरूले पूजा–आराधना गर्ने गर्दछन् । माछापालन नभए पनि यस तालको पानी सिंचाइका लागि प्रयोग हुँदै आएको छ ।

वडा नं. ६ को रजौरामा रहेको कमलपोखरी ताल शहर नजिकै अवस्थित एक महत्वपूर्ण ताल हो । यस तालमा कमलका फूलहरू फुल्ने भएकाले "कमलपोखरी" नामकरण गरिएको हो । उचित संरक्षण तथा व्यवस्थापन गर्न सके यसलाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना देखिन्छ । यद्यपि हिउँदको समयमा तालमा पानीको मात्रा अत्यन्त न्यून हुने गरेको पाइन्छ ।

वडा नं. ४ मा रहेको सुकीदह ताल संरक्षणको अभावमा क्रमशः अतिक्रमणको चपेटामा परेको देखिन्छ ।

पहाडको फेदी तथा जंगल क्षेत्रभित्र रहेको यस तालमा वरपरबाट बगेर आउने ढुंगा, माटो तथा बालुवाले पुर्दै लगेको अवस्था छ । हाल यस तालको संरक्षण तथा उपयोग विस्तारका लागि योजना अघि बढाइने तयारी रहेको बताइएको छ ।

यस उपमहानगरपालिकामा पार्क तथा पिकनिक स्थलहरूको समेत राम्रो सम्भावना रहेको छ । सार्वजनिक स्थलका रूपमा रहेका पार्क, उद्यान, प्रतीक्षालय, चौतारी तथा खेलमैदानहरूको उपयोग क्रमशः बढ्दै गइरहेको छ । प्रमुख पार्क तथा पिकनिक स्थलहरूमा राप्ती शान्ति पार्क, पुष्पलाल वाटिका, विश्वविद्यालय पार्क तथा देविथान पार्क रहेका छन् । साथै बेलझुण्डी रंगशाला तथा मदन भण्डारी रंगशाला जस्ता खेल पूर्वाधारहरूले खेलकुद तथा मनोरञ्जन क्षेत्रको विकासमा योगदान पुऱ्याइरहेका छन् ।

सामाजिक तथा सांस्कृतिक विविधताको दृष्टिले पनि तुलसीपुर उपमहानगरपालिका समृद्ध रहेको छ । यहाँ पहाडी ब्राह्मण/क्षेत्री समुदायको जनसंख्या ६७.२ प्रतिशत, पहाडी आदिवासी जनजाति ८.३ प्रतिशत, तराई आदिवासी जनजाति १५.८ प्रतिशत, दलित ७.२ प्रतिशत, मुस्लिम ०.७ प्रतिशत तथा अन्य समुदाय ०.८ प्रतिशत रहेका छन् । धार्मिक आधारमा हेर्दा हिन्दू धर्मावलम्बी ९४.२८ प्रतिशत, बौद्ध ०.३८ प्रतिशत, क्रिश्चियन १.५ प्रतिशत, मुस्लिम ०.२७ प्रतिशत तथा अन्य धर्मावलम्बी ३.१२ प्रतिशत रहेका छन् ।

## ३. अध्ययनको महत्व

तुलसीपुर उपमहानगरपालिका ले महिला, जनजाति, आदिवासी, दलित तथा सामाजिक–आर्थिक रूपमा पछाडि परेको वर्ग तथा समुदायको सहभागिता अभिवृद्धि गर्दै समावेशी र न्यायपूर्ण विकास प्रक्रियालाई संस्थागत गर्ने लक्ष्य राखेको छ । स्थानीय विकासका लागि उपलब्ध स्रोत–साधनको बाँडफाँट, कार्यान्वयन, परिचालन तथा त्यसबाट प्राप्त प्रतिफलको समान उपभोग सुनिश्चित गर्न यस अध्ययनले महत्वपूर्ण आधार प्रदान गर्दछ ।

नगरपालिकाबाट प्रवाह हुने सेवाहरूलाई थप प्रभावकारी, उत्तरदायी तथा समावेशी बनाउन लैङ्गिक अवस्थाको पहिचान गरी योजनाबद्ध रूपमा लैङ्गिक उत्तरदायी विकास प्रक्रियालाई संस्थागत गर्न लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लै.स.अ.सा.स.) परीक्षण आवश्यक रहेको छ । यो परीक्षण प्रक्रिया आफैंमा सहभागितामूलक स्व–मूल्याङ्कनको अभ्यास भएकाले कर्मचारी तथा जनप्रतिनिधिहरूलाई लैङ्गिक समानता, महिला सशक्तिकरण तथा सामाजिक समावेशीकरणका क्षेत्रमा सक्रिय र उत्तरदायी बन्न प्रेरित गर्दछ ।

साथै, यस प्रक्रियाले स्थानीय तहमा लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक समावेशीकरण तथा महिला सशक्तिकरणसम्बन्धी कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धि गर्न तथा संस्थागत अपनत्वको भावना विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ । यस अध्ययनबाट प्राप्त निष्कर्ष तथा सुझावहरूले आगामी वर्षहरूमा नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।यसले स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा पनि योगदान गर्नेछ

## ४. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरू

- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) परीक्षणमार्फत तुलसीपुर उपमहानगरपालिकाको संस्थागत संरचना र प्रणाली लैङ्गिक तथा समावेशी शासनमैत्री बनाउने र संस्थाको लैङ्गिक अन्तरहरुको प्रभालाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तीकरण गर्दै लैजाने
- तुलसीपुर उपमहानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको लैसअसास विषयमा साझा बुझाइ तथा जनचेतना अभिवृद्धि गरि संस्थाबाट प्रवाह हुने सेवा प्रवाह तथा कार्यक्रमलाई लैसअसास उत्तरदायी बनाउदै जाने ।
- स्थानीय तहका सबै कार्यक्रम, योजना तथा आयोजनाहरूको प्रत्येक चरणमा लै.स.अ.सा.स. दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्दै लैजाने।
- लै.स.अ.सा.स. परीक्षणको नतिजाका आधारमा विद्यमान समस्या तथा चुनौतीहरूको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना र कार्यक्रमका लागि आवश्यक नीतिगत पृष्ठपोषण प्रदान गर्ने ।

## ५. लै.स.अ.सा.स.परीक्षणले समेट्ने मुख्य विषय क्षेत्रहरू र उपविषय क्षेत्रहरू

### ५.१ मुख्य विषय क्षेत्रहरू

लैससास परीक्षणका लागि स्थानीय तहको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार र नेपाल सरकारका प्रतिवद्धताहरू लगायतका विषयवस्तु समेटिएका छन् । लैसअसास परीक्षणका लागि देहायका पाँच वटा मुख्य विषय क्षेत्र (मुख्य सूचक) हरू तथा अङ्कभारको व्यवस्था गरिएको छ:

१. नीति , कानुन, योजना २०

२. संस्थागत व्यवस्था २०

३. मानव संसाधन तथा क्षमता विकास २०

४. सेवा प्रवाह २०

५. सुशासन तथा उत्तरदायित्व २०

## ५.२ लैससास परीक्षणका उपविषय क्षेत्रहरू

लैससास परीक्षणका प्रमुख पाँचवटा विषय क्षेत्रहरू भित्र विभिन्न २२ वटा उपविषय क्षेत्र र सो अन्तर्गत १०० वटा सूचकहरू रहेका छन् । उक्त २२ वटा उपविषय क्षेत्रहरू यस प्रकार रहेका छन् ।

१ नीति र कानूनमा समावेशिता/सहभागिता

२ योजना तर्जुमा तथा कार्यान्वयन

३ बजेट तर्जुमा तथा कार्यान्वयन

४ कर्मचारी पदाधिकारी प्रतिनिधित्व

५ कार्यप्रणाली समावेशी

६ समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व

७ वित्त व्यवस्थापन प्रणालीमा समावेशिता

८ तथ्याङ्क सङकलन तथा व्यवस्थापन

९ मानव संसाधन तथा क्षमता विकास

१० अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना

११ कानूनी साक्षरता

१२ विपद व्यवस्थापनमा समावेशिता

१३ पूर्वाधार विकास

१४ प्रजनन् स्वास्थ्य

१५ शिक्षा कार्यक्रम

१६ खानेपानी तथा सरसफाइ

१७ स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन

१८ सुशासन

१९ उत्तरदायित्व र जवाफदेहिता

२० सूचना तथा संचार

२१ अनुगमन तथा मूल्याङ्कन

२२ समन्वय र सम्बन्ध बिस्तार

प्रत्येक सूचकको मूल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिइएको थियो । तालिका नं १ मा प्रत्येक सूचकमा '०', '०.५' र '१' अङ्क पाउने अवस्था र सो को प्रमाणीकरणको आधारसमेत राखिएको छ । यी सूचकमा गरिने मूल्याङ्कन कार्यादलको सामुहिक मूल्याङ्कन

हो । कार्यदलका सदस्यहरूले पहिला सूचकमा छलफल गरी,प्रमाण जुटाइ सोको अवस्था विश्लेषण तथा सहमतिमा अङ्क प्रदान गरिएको थियो । लैससास परीक्षणका लागि मूल विषयगत क्षेत्र, विषयगत उपक्षेत्र तथा सूचकहरूको विस्तृत विवरण देहायबमोजिम तालिका नं १ मा प्रस्तुत गरिएको छ:

### ५.३ स्थानीय तहको समग्र मूल्याङ्कन अवस्था तथा परिणाम

सबै सूचकहरूमा अङ्क प्रदान गरिसकेपछि उपमहानगरपालिकाले प्राप्त गरेको अङ्कलाई देहायबमोजिम वर्गीकरण गरी सोका आधारमा प्रस्तुत चार वटा मूल्याङ्कन नतिजा मध्ये कुनै एक नतिजा निरक्यौल गरिएको थियो ।

| प्राप्ताङ्क | ८० प्रतिशत वा सोभन्दा बढी | ६० देखि ७९ प्रतिशत सम्म | ४० देखि ५९ प्रतिशत सम्म | ४० प्रतिशत भन्दा कम |
|---|---|---|---|---|
| समग्र नतिजा | उत्कृष्ट | राम्रो | कमजोर | अति कमजोर |

## ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विधि

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणले एउटा पक्षलाई मात्र नहेरी सबै पक्षलाई समेटेर स्थानीय सरकारलाई सुधारात्मक दिशामा निर्देश गर्न मद्दत गर्ने भएकोले पालिका सुहाउदा विषयवस्तुको विधि तथा प्रकृयाहरू अपनाइएको थियो । परीक्षणको पहिलो चरणमा लै.स.अ.सा.स. परीक्षणको लागि उमनपासँग समन्वय गरि परीक्षण कार्यशालाको मिति र स्थान तय गरिएको थियो । यसै चरणमा उमनपाले यस अघि प्रकाशन गरेका लै.स.अ.सा.स.सँग सम्बन्धित दस्तावेजहरूको संङ्कलन तथा अध्ययन गरिएको थियो भने दोस्रो चरण अर्थात् कार्यान्वयन चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ को अधिनमा रहि स्थायी प्रकृतिको १ कार्यान्वयन समिती गठन गरिएको थियो । नगरपालिकाका प्रमुख ज्यूको संयोजकत्वमा बनेको उक्त समितिमा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत सामाजिक विकास समितिका संयोजक, कार्यपालिका सदस्यहरू संघसस्थाका प्रतिनिधिहरू लगायतको उपस्थिती रहेको थियो । उपप्रमुख ज्यूको संयोजकत्व तथा महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख, लै.स.अ.सा.स. परीक्षण सहजकर्ता संलग्न रहेको कार्यदल, उमनपाका कर्मचारीहरू र जनप्रतिनिधिहरू विच छलफल गरि उमनपाको स्वमूल्याङ्कन गरी नतिजा सार्वजनिक गरिएको थियो । यो कार्यशाला सञ्चालन गर्न सहभागितात्मक विधि अवलम्बन गर्नुका साथै सिकाई तथा अनुभवजन्य सिकाई प्रकृयालाई प्रयोगमा ल्याइएको थियो । प्राप्त नतिजालाई सरोकारवालाबिच प्रस्तुतीकरण गरिएको थियो । प्रस्तुतिमा प्राप्त नतिजालाई साझा बुझाई तथा सहमति कायम गरिएको थियो । यसैगरी प्रतिवेदन चरण अन्तर्गत कार्यदलसँगको समन्वयमा तयार गरिएको मस्यौदा प्रतिवेदन माथि उमनपामा पेश गरी प्राप्त पृष्ठपोषणको आधारमा अन्तिम प्रतिवेदन तयारी गरिएको हो । लै.स.अ.सा.स परीक्षणको क्रममा मुख्यतया निम्न विधि तथा प्रक्रियाहरु मार्फत तथ्याङ्क सार्वजनिक गरिएको थियो–

- उमनपाको वार्षिक नीति, कार्यक्रम, बजेट आदिको अध्ययन तथा विश्लेषण
- उमनपाद्वारा प्रकाशित ऐन तथा कार्यविधि लगायतका दस्तावेजहरूको अध्ययन
- दीर्घकालीन तथा आवधिक विकास योजनाको अध्ययन र विश्लेषण
- वार्षिक प्रगति समीक्षा प्रतिवेदन अध्ययन
- मुख्य सरोकारवालाहरूसँग सूचना संकलन तथा अन्तरवार्ता (उमनपा प्रमुख तथा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष, योजना तथा प्रशासन शाखा प्रमुख र विषयगत शाखाका प्रमुख)
- उपभोक्ता समिति र लक्षित वर्गसँग समूह छलफल ।

## ७. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षणका सहभागीहरू

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा निम्नअनुसारको सहभागिता रहेको थियो :-

- उमनपाका प्रमुख, उपप्रमुख तथा सम्बन्धित वडाका वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू
- उमनपाका विषयगत शाखाका प्रमुख तथा कर्मचारीहरू
- सेवाग्राहीहरू तथा सरोकारवाला व्यक्तिहरू
- सहभागीहरूको विस्तृत विवरण अनुसूची-२ मा समावेश गरिएको छ ।

### तुलसीपुर उपमहानगरपालिकाको लैङ्गिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरण सँग सम्बन्धित केही नीति तथा कानूनहरु

१. अपाङ्गता विवतरण सम्बन्धी कार्यविधि, २०७५

२. हिंपा प्रभावित महिला तथा बालबालिकाहरुका लागि उपमेयर अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र सञ्चालन कार्यविधि, २०७६

३. बालश्रममुक्त वडा तथा नगर घोषणाका लागि कार्य सञ्चालन कार्यविधि,२०७६

४. तुलसीपुर उपमहानगरपालिकाको बालहित कोष सञ्चालन कार्यविधि,२०७६

५. अल्पकालिन एवम् जोखिम अवस्थामा रहेका बालबालिकाको संरक्षणका लागि अल्पकालिन बालगृह सञ्चालन कार्यविधि,२०७६

६. बालअधिकार प्रवद्र्धनका लागि बालबालिका, बालबालिका सम्बन्धी आचार संहिता, २०७६

७. लैङ्गिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड,२०७७

८. बालहितकोष सञ्चालन मापदण्ड,२०७७

९. स्मार्ट छोरी विहेवारी २० वर्ष पारी कार्यक्रम सञ्चालन कार्यविधि,२०७७

१०. बाल संरक्षण नीति, २०७५

११. जेष्ठ नागरिक पोषाक वितरण कार्यविधि,२०७४

१२. बाल अधिकार तथा संरक्षण कार्यविधि,२०७८

१३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति,२०७८

१४. तुलसीपुरको मृगौला प्रत्यारोपण गरेका, डाइलासीस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विपन्न व्यक्ति पहिचान प्रमाणपत्र पाएका बिरामीहरुलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि,०८१

# परिच्छेद दुई

## तथ्याङ्क प्रस्तुतीकरण खण्ड

### ८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचक र उपसूचक अन्तर्गत प्राप्ताङ्क

| क्र स | सूचक तथा उपसुचकहरू | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | **नीति, कानून, योजना** | **२०** | **१८.५** | |
| | नीति र कार्यमा समावेशिता सहभागीता | ८ | ७.० | |
| | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ७.५ | |
| | बजेट तर्जुमा तथा कार्यान्वयन | ८ | ४.० | |
| २ | **संस्थागत व्यवस्था** | **२०** | **१६.५** | |
| | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | ३.५ | |
| | कार्यप्रणाली समावेशी | ४ | ३.५ | |
| | समिति उपसमिति र कार्यदलमा | ४ | ४.० | |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | २.० | |
| | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | ३.५ | |
| ३ | **मानव संसाधन तथा क्षमता विकास** | **२०** | **१५.५** | |
| | मानव संसाधन तथा क्षमता विकास | ८ | ६.५ | |
| | अनौपचारिक मुल्यमान्यता र कु–संस्कार विरुद्ध जनचेतना | ४ | २.५ | |
| | कानूनी साक्षरता | ४ | २.५ | |
| | विपद् व्यवस्थापनमा समावेशिता | ४ | ४.० | |
| ४ | **सेवा प्रबाह** | **२०** | **१४.०** | |
| | पूर्वाधार विकास | ४ | १.५ | |
| | प्रजनन् स्वास्थ्य | ४ | २.५ | |
| | शिक्षा कार्यक्रम | ४ | ३.५ | |
| | खानेपानी तथा सरसफाइ | ४ | २.५ | |
| | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ | ४.० | |
| ५ | **सुशासन तथा उत्तरदायित्व** | **२०** | **१७.०** | |
| | सुशासन | ४ | ३.० | |
| | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३.५ | |
| | सूचना तथा सञ्चार | ४ | ४.० | |
| | अनुगमन तथा मुल्याङ्कन | ४ | ३.० | |
| | समन्वय र सम्बन्ध विस्तार | ४ | ३.५ | |
| | **जम्मा** | **१००** | **८१.५** | |

तुलसीपुर उपमहानगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनमा ल्याएको छ भने लैङ्गिक हिंसा विरुद्धको प्रतिवद्धता पत्रमा हस्ताक्षर गरेर यस अभियानमा ऐक्यवद्धता जनाइसकेको छ भने आफ्ना नीति तथा कार्यक्रमहरुमा पनि लैससासलाई प्राथमिकताका साथ कार्यान्वयन गरिराखेको छ । लैससास क्षेत्रमा नगरले गरेका कतिपय कार्यक्रमहरु संघ, प्रदेश तथा अन्य स्थानीय निकायहरुले समेत अनुसरण गरेका छन । हिंसा प्रभावित महिला तथा बालबालिकाहरूका लागि उपमेयर अल्पकालीन महिला सुरक्षा कार्यक्रम , मातृ स्वास्थ्य प्रोत्साहन कार्यक्रम, गरिब विपन्न तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि सीपमुलक कार्यक्रम तथा सामग्री सहयोग, दलित सशक्तीकरण, महिला सशक्तीकरण,सामाजिक सुरक्षा लगायतका कार्यक्रम प्रभावकारी अभ्यासका रूपमा देखिएका छन् । तुलसीपुर उपमहानगरपालिकाको न्यायिक सम्पादन प्रक्रिया छिटो छरितो र प्रभावकारी रहेको छ । नगरलाई सहयोगापेक्षी मानवमुक्त शहर तथा बालश्रममुक्त पालिका (केही वडा) घोषणा गरिएको छ भने छुवाछुतमुक्त नगर तथा बालमैत्री स्थानीय शासनयुक्त पालिका बनाउने भावी योजना रहेको छ ।

। यसका अलावा राज्यको शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित् गर्न र राज्यको श्रोत साधन, अवसर र लाभको वितरणमा समतामूलक सिद्धान्तलाई अंगिकार गरेको छ भने स्थानीय सरकार-नागरिकका विचमा दोहोरो सम्वाद स्थापित गर्न विभिन्न संयन्त्रहरु मार्फत नागरिकबाट रचनात्मक सुझाव ग्रहण गरी शासन सञ्चालनमा अझ बढि पारदर्शिता, नेतृत्वमा जबाफदेहीता र सार्वजनिक चासोका बिषयमा आम नागरिकहरूको सूचनामा पहुँचलाई मजबुत बनाउन र तुलसीपुर उपमहानगरपालिकालाई देशकै एक गतिशील र समृद्ध नगर बनाउने परिकल्पना गरेको छ ।

यस उममहानगरपालिकाले लै.स.सा.स परीक्षणको अभ्यास नियमित रुपमा गरिराखेको छ यस आ.व को परिक्षण पनि सम्बिन्धित शाखा।महाशाखा, जनप्रतिनिधि तथा स्थानीय सरोकारवालाहरुको सक्रिय सहभागितामा सम्पन्न भएको छ ।

# विश्लेषण खण्ड

## ९. लै.स.अ.सा.स. परीक्षण विश्लेषणका औजारहरू

- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट उपमहानगरपालिकाको विद्यमान नीतिगत व्यवस्था, संस्थागत अभ्यास तथा कार्यक्रमगत सूचकहरूको आधारमा माकुरीजालो (Spider Web) ग्राफ विधिबाट विश्लेषण ।
- लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको पक्षबाट उपमहानगरपालिकाको संस्थागत, नीतिगत तथा कार्यक्रमगत सूचकहरूको आधारमा स्तम्भचित्र (Bar Chart) मार्फत विश्लेषण
- पालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा उपमहानगरपालिकामा रहेका सवल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौतीहरूको विश्लेषण ।

## १० .लैपरीक्षण तथ्याङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण .स.सा.स.

### १०.१ नीति कानून र योजना

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ तालिका नं. १ मा उपलब्ध गराइएका १०० ओटा प्रश्नहरूमा सहभागितात्मक छलफल र प्रमाणीकरणका कागजातका आधारमा उपमहानगरपालिकाले कुल ८१.५ अङ्क प्राप्त गरेको छ । सूचकहरूको तुलनात्मक अध्ययन गर्दा उपमहानगरपालिकाले नीति कानून र

योजना शिर्षक अन्तर्गतका कार्यक्रमहरूमा १८.५ अङ्क अर्थात् ९३ प्रतिशत ल्याएको छ । यस विषयगत क्षेत्रमा उपमहानगरपालिकाको अवस्था राम्रो अर्थात सर्वोत्तम रहेको छ । यस सूचक अन्तर्गतका उपसूचकहरुको अवस्था विश्लेषण गर्दा योजना तर्जुमा तथा कार्यान्वियन उपसूचकमा ७.५ र बजेट तर्जुमा तथा कार्यान्वियनमा ४.० अङ्क, नीति र कानूनमा समावेशिता/सहभागितामा ७.० अंक प्राप्त गरी लक्ष्य नजिक रहेको छ । यस विषयगत क्षेत्रमा सूचक अनुसारको समग्र अवस्थालाई हेर्दा १ अङ्क प्राप्त गर्ने १७ सूचक र ०.५ अङ्क प्राप्त गर्ने सूचकको सङ्ख्या ३ रहेको छ ।

### १०.२ संस्थागत व्यवस्था

यस विषयगत क्षेत्रले १६.५अर्थात ८३ प्रतिशत अङ्क प्राप्त गरेको छ । यस अन्तर्गतका उपसूचकहरुको अवस्था विश्लेषण गर्दा कर्मचारी पदाधिकारी प्रतिनिधित्व सूचकमा ३.५, समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व सूचकमा ४.०, वित्त व्यवस्थापन प्रणालीमा समावेशितामा २.० र तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन उपशिर्षकको सूचकमा ३.५ अङ्क प्राप्त गरि समग्र अवस्था राम्रो देखिन्छ तथापी शतप्रतिशत लैससासमैत्री कार्यसम्पन्न गर्नका लागि थप केही कार्ययोजना बनाएर अगाडी बढ्नुपर्ने अवस्था रहेको छ । यस क्षेत्रका कुल २० वटा सूचक मध्ये १ अङ्क प्राप्त गर्ने सूचकको सङ्ख्या १४, ०.५ अङ्क प्राप्त गर्ने सूचकको सङ्ख्या ५ र ० अङ्क प्राप्त गर्ने सूचकको सङ्ख्या १ रहेको छ ।

### १०.३ मानव संसाधन तथा क्षमता विकास

मानव संशाधन तथा क्षमता विकासको विषयगत क्षेत्रमा उपमहानगरपालिकाले १५.५ अङ्क अर्थात् ७८ प्रतिशत अङ्क प्राप्त गरेको छ । यस अन्तर्गतका उपसूचक मध्ये मानव संसाधन तथा क्षमता विकासले ६.५ अङ्क प्राप्त गरेको छ भने अनौपचारिक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना र कानूनी साक्षरताले समान अंक २.५/२.५ अर्थात ८७.५/८७.५ प्रतिशत अङ्क प्राप्त गरी लक्ष्य नजिक रहेको, विपद् व्यवस्थापनमा समावेशितामा नगरपालिकाले ४ अर्थात १०० प्रतिशत अङ्क प्राप्त गरी उत्कृष्ट कार्य गरेको । तथापी अनौपचारिक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना र कानूनी साक्षरतामा जम्मा २.५ प्रतिशत मात्र अङ्क प्राप्त गर्नुले कार्ययोजना तयार गरी अगाडी बढ्नु जरुरी रहेको छ । अनौपचारिक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना र कानूनी साक्षरता लगायत कम अङ्क प्राप्त गरेका कार्यसूचकहरूमा कार्ययोजना अनुरुप कार्य अगाडी बढाउन सके शिघ्र लक्ष्य हासिल गर्न सकिने सुनिश्चित छ ।

### १०.४ सेवा प्रवाह

सेवा प्रवाह शिर्षक अन्तर्गत उपमहानगरपालिकाले कूल १४ अङ्क अर्थात ७० प्रतिशत कार्य गरेको छ । यस अन्तर्गत स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन क्षेत्रमा ४ अङ्क प्राप्त गरेको छ, शिक्षा कार्यक्रम उपक्षेत्र करिव लक्ष्य नजिक रहेको छ भने अन्य सूचकको अवस्था सुधारका लागि अझै कहि कामहरु गर्नुपर्ने देखिन्छ जसले पालिकालाई लैससासमैत्री बनाउनका लागि सहयोग गर्नेछ ।

### १०.५ सुशासन तथा उत्तरदायित्व

उपमहानगरपालिकामा सुशासन तथा उत्तरदायित्व शिर्षक अन्तर्गतका कार्यक्रमहरुमा जम्मा १७ अङ्क अर्थात् ८५ प्रतिशत प्राप्त भएको छ । उपसूचकमाथि तुलनात्मक अध्ययन गर्दा अनुगमन तथा मूल्याङ्कनका कार्यक्रमहरूमा केही न्यून अङ्क अर्थात ३.० अङ्क प्राप्त भएको छ । भने उत्तरदायित्व र जवाफदेहितामा ३.५, सुशासनमा ३.०, समन्वय र सम्वन्ध विस्तारमा ३.५ लक्ष्य प्राप्त गरेको छ भने सूचना तथा सञ्चार उपशीर्षकमा ४.० अंग प्राप्त गरी लक्ष्य हासिल गरेको छ । बाँकी विस्तृत विवरण फारम अनुसूची १ मा उल्लेख गरिएको छ ।

# परिच्छेद तीन

## मुख्य उपलब्धिहरू

### ११. लै.स.अ.सा.स. परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

तुलसीपुर उपमहानगरपालिकाको आ.व २०८१।०८२ को लैङ्गिक समानता,अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवस्था विश्लेषण उपमहानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको उपस्थिति तथा सक्रिय सहभागितामा सम्पन्न भएको छ । विषयविज्ञद्वारा सहजीकरण गरि भएको यस अध्ययनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण निर्देशिका, २०७८ ले निर्दिष्ठ गरेअनुसार ५ वटा विषयगत क्षेत्र, २० वटा उपक्षेत्र र १०० भन्दा वढी सूचकहरु र अपाङ्ता सम्बन्धी थप केहि सूचकहरुमा व्यापक छलफल, दस्तावेज प्रमाणीकरण, समूहगत छलफल तथा मुख्य सूचनादातासँगका छलफल लगायतका विधि तथा प्रक्रियाहरु पूरा गरिएका छन । उपमहानगरपालिका मार्फत सञ्चालन भइरहेका विभिन्न क्रियाकलापहरु तथा सेवा प्रवाहमा लैंङ्गिक संवेदनशीलताको अभ्यासको अध्ययन तथा पृष्ठपोषण प्राप्त भएको छ । अध्ययनका क्रममा पालिकाका सवल पक्ष तथा सुधार गर्नुपर्ने विषयहरु पनि उजागर भएका छन र जुन सूचकमा लैसअसासको अवस्था तुलनात्मक रुपमा कमजोर देखिएको छ त्यसका लागि कार्ययोजना तथा सुझावहरु प्रस्ताव गरिएका छन । अध्ययनले आगामी दिनमा पालिकालाई लैंङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणमैत्री वनाई थप सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्नका लागि यस परिक्षणले मार्गनिर्देश गरेको छ । मुख्यतया लैसअसास परिक्षण पश्चात निम्नानुसार उपलब्धीहरु भएका  छन :-

१. उपमहानगरपालिकाका नीति, योजना तथा कार्यक्रमहरूलाई लैङ्गिक तथा सामाजिक समावेशी दृष्टिकोणबाट पुनरावलोकन गर्ने आधार तयार भएको छ ।
२. महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति, एकल महिला, ज्येष्ठ नागरिक तथा सीमान्तकृत समुदायको आवश्यकता पहिचान गरी लक्षित कार्यक्रम सञ्चालनका लागि दिशानिर्देश प्राप्त भएको छ ।
३. सेवा प्रवाह, पूर्वाधार तथा सूचना प्रणालीलाई थप पहुँचयुक्त र अपाङ्गमैत्री बनाउनुपर्ने क्षेत्रहरूको पहिचान भएको    छ ।
४. उपमहानगरपालिकाको योजना तर्जुमा, बजेट विनियोजन तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशीकरणका अभ्यासहरूलाई संस्थागत गर्ने आधार तयार भएको छ ।
५. महिला तथा सीमान्तकृत समुदायको निर्णय प्रक्रियामा सहभागिता वृद्धि गर्न आवश्यक सुधारका क्षेत्रहरू पहिचान भएका छन ।
६. लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचकका आधारमा संस्थागत अवस्था मूल्याङ्कन भई सुधारात्मक कार्ययोजना निर्माणको आधार तयार भएको छ।
७. वडा तथा विषयगत शाखाहरूमा **GDESI** सम्बन्धी सचेतना, उत्तरदायित्व तथा समन्वय अभिवृद्धि भएको छ ।
८. विभेद, बहिष्करण तथा सेवामा असमान पहुँचका अवस्थाहरू पहिचान भई सुधारका लागि नीतिगत तथा व्यवहारिक सुझावहरू प्राप्त भएका छन ।
९. महिला तथा लक्षित वर्गमैत्री बजेट तथा कार्यक्रम सञ्चालनतर्फ उपमहानगरपालिकाको प्रतिबद्धता थप सुदृढ भएको छ ।
